नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

भाद्र/आश्विन २०७२ (September 2015) वर्ष १९/अङ्क २२२

## आफैंलाई मस्काउने ठाउँहरू देख्नु

- डीकन सिमोन पाठक

संसारमा गर्नलाई सबैभन्दा सजिलो काम के हो ? हामीलाई अरूको कमजोरीहरूलाई औंल्याउनु, दोष देखाइदिनु, कुरा काट्नु सजिलो लाग्छ तर आफ्नै कमी कमजोरीहरू थाहा गरेर परिवर्तन हुनलाई गाह्रो लाग्छ । हाम्रो जीवनबाट परमेश्वरको महिमा हुनका निम्ति हामीले आफैंलाई मस्काउने ठाउँहरू देख्न आवश्यक छ । पितलको भाँडोलाई जति मस्कायो उति टल्किन्छ । मैला भाँडोलाई राम्रोसँग मस्काएर पखालेपछि त्यसमा भएको चमक देखिन्छ । हाम्रो जीवन टल्कन, एक तेजबाट अर्को तेजमा जान, एउटा महिमाबाट अर्को महिमामा जान, दोषरहित हुन, खोटरहित हुन, फलदायक हुनको निम्ति आफूमा भएको अपवित्रतालाई मस्काउनु र परमेश्वरको पवित्रतालाई धारण गर्नु अति आवश्यक छ ।

**परमेश्वरको पवित्रताले विशेष गरी दुईवटा कुराहरूलाई समावेश गर्दछ । पहिलो: परमेश्वर सृष्टिका सबैथोकहरूभन्दा माथि सम्पूर्ण रूपले अलग र प्रशंसाको योग्य हुनुहुन्छ । यो कुराले परमेश्वरको पवित्रताको सम्बन्धमा उहाँको सिद्धता वर्णन गरिएको भन्दा माथि छ भनेर निर्दिष्ट गर्दछ ।**
**दोस्रो: परमेश्वर सबै पाप र दुष्टताबाट अलग हुनुहुन्छ ।** पवित्रताले परमेश्वर र उहाँको इच्छा अनन्तसम्म रहिरहन्छ भन्ने कुराको निश्चयता दिँदछ ।

बाइबलमा पवित्र शब्दलाई क्रिया, विशेषण र नामको रूपमा प्रयोग गरिएको पाउँदछौं । क्रियाको रूपमा हेर्दा पवित्र शब्दको अर्थ: पवित्र हुनु, पवित्र बनाउनु, समर्पण गर्नु, अर्पण गर्नु, अलग हुनु, उचाल्नु भन्ने हुन्छ । विशेषणको रूपमा हेर्दा पवित्र शब्दको अर्थ हुन्छ: एकमात्र पवित्र, अलग गरिएको, पवित्र भन्ने हुन्छ । नाउँको रूपमा हेर्दा पवित्र शब्दलाई पवित्रता, पवित्रकरण भनी उल्लेख गरिएको छ । धर्मशास्त्रमा पवित्र भन्ने शब्द सबैभन्दा पहिला प्रस्थान ३:५ मा उल्लेख भएको पाइन्छ । मोशालाई परमेश्वरले आफ्नो कामको निम्ति बोलाउनुहुँदा मोशाको जीवनमा पवित्रताको माग गर्नुभयो । परमेश्वर पवित्र हुनुहुन्छ, उहाँको सेवा गर्नको निम्ति, उहाँ सँगसँगै हिँड्नको निम्ति, उहाँको इच्छा, योजनाहरू हाम्रो जीवनमा पूरा हुनको निम्ति पवित्रता नभई नहुने कुरा हो ।

परमेश्वरको पवित्रताले पाप र दुष्टताबाट अलग हुनु र उहाँको महिमा देख्नको निम्ति भक्ति चढाउनु भन्ने कुरालाई पुरानो करारका धेरैवटा खण्डहरूले प्रष्ट पार्दछ । मोशालाई परमेश्वरले पवित्र वासस्थान बनाउनको निम्ति आज्ञा दिनुभएको थियो । उनले परमेश्वरको आज्ञाअनुसार पवित्र वासस्थान बनाएका थिए । पवित्र वासस्थानलाई पवित्रस्थान र महा-पवित्रस्थान गरेर पर्दाले दुई भाग गरिएको थियो (प्रस्थान २६:३३) । महा-पवित्रस्थानलाई भित्री पवित्रस्थान पनि भनिन्छ (१ राजा ६:१६) ।

पवित्र वासस्थान संसारको पाप र दुष्टताबाट अलग गरिएको स्थान थियो । यो स्थान परमेश्वरको सेवाको निम्ति समर्पण गरिएको थियो तर महा-पवित्रस्थानमा बाचाको सन्दूक राखिएको थियो । यो स्थान संसारको पाप र दुष्टताबाट अलग गरिएको मात्र होइन एकदमै अलग गरिएको र परमेश्वरको सेवाको निम्ति पूरै तवरले भक्ति चढाउने काम गरिन्थ्यो । यो स्थानमा वर्षमा एकपटक प्रधान पूजाहारी मात्र परमेश्वरलाई भक्ति चढाउन जान पाउँथ्यो । उसले मनमा अलिकता मात्र खराब सोच राखेको, संसारका कु-अभिलाषा मनमा लिएको पाइयो भने उसको त्यहीँ मृत्यु हुने गर्दथ्यो । महा-पवित्रस्थानले परमेश्वर कति पवित्र हुनुहुन्छ भन्ने कुराहरू चित्रण गरेको छ । परमेश्वर यति पवित्र हुनुहुन्छ कि संसारको कुनै पनि मानिस उहाँको उपस्थितिमा खडा हुन नै सक्दैन । परमेश्वरलाई धन्यवाद होस्, उहाँले आफ्नो पुत्र येशू खीष्टलाई मानव जातिको पापको प्रायश्चित गर्नलाई संसारमा पठाउनुभयो । उहाँको क्रूसको बलिदानको कारण संसारका सबै मानिस परमेश्वरको महा-पवित्रस्थानमा येशू खीष्टद्वारा जान सक्छन् । मन, वचन र कर्मले घरि-घरि पाप गरिराख्ने मानिसहरू पुरानो करारको समयमा जस्तै भस्म भएका छैनन् किनकि परमेश्वरले सारा मानिस जातिलाई येशू खीष्टद्वारा हेर्नुहुन्छ । पापमा डुबेको मानिसलाई पापबाट फर्किएर येशू खीष्टद्वारा उहाँसँग सम्बन्ध स्थापित गरेको उहाँ चाहनुहुन्छ ।
यशैयाले दर्शनमा परमेश्वरको पवित्रतालाई देखिसकेपछि आफ्नो पापलाई थाहा गरेका थिए । "सर्वशक्तिमान परमप्रभु, पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ" (यशैया ६:३-४) । हामी जति परमेश्वरको पवित्रतालाई बुझ्दै जान्छौं, उति नै हामील आफैलाई मस्काउने ठाउँहरू देख्न सक्छौं । यशैयाले परमेश्वरको पवित्रतालाई देखेपछि उनी भन्छन्, "धिक्कार ! म नष्ट भएँ, किनभने म अशुद्ध ओठ भएको मानिस हुँ, र अशुद्ध ओठ भएका मानिसहरूका बीचमा म बस्तछु, र मैले मेरा आँखाले सर्वशक्तिमान् परमप्रभु महाराजाधिराजलाई देखेको छु" (यशैया ६:५)। यशैयाले आफैलाई पवित्र सम्झन्थे किनकि उनी परमेश्वरका अगमवक्ता थिए तर जब उनले परमेश्वरको पवित्रतालाई देखे तब मात्र उनले आफ्नो कमजोरीहरू, पापहरू थाहा गर्न सकेका थिए । उनले पापको पश्चात्ताप गरिकेपछि मात्र परमेश्वरको आवाज सुन्न सकेका थिए (यशैया ६:८) ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| भाद्र २६ September 12 | पा. रोबर्ट कार्थक पा. सामुएल कार्थक | डीकन राजु तामाङ्ग | पाष्टर अशोक मुखिया | एल्डर जनक लाल श्रेष्ठ | पाष्टर दफ्तन सादा | पाष्टर बि.बि. खवास | एल्डर दिल थापा |
| आश्विन २ September 19 | एल्डर सामुएल क्षेत्री | श्री प्रेम आले मगर | डीकन बागमान तामाङ्ग | श्री डा. रचान्डल ग्लिसन | एल्डर श्रीलक्ष्मी सैंजु | एल्डर ग्रेस खालिङ | डीकन घन श्याम दाहाल |
| आश्विन ९ September 26 | डीकन सिमोन पाठक | डीकन मान बहादुर मगर | एल्डर पूर्ण सुनुवार | पाष्टर रोबर्ट कार्थक | डीकन सिमोन भण्डारी | संयुक्त सेवा ललितपुर चर्च | संयुक्त सेवा ललितपुर चर्च |
| आश्विन १६ October 3 | पा. सामुएल कार्थक पा. रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर दफ्तन सादा | एल्डर रूबेन श्रेष्ठ | पाष्टर रोल्याण्ड रोंगोंग | पाष्टर बि.बि. खवास |

**परमेश्वरको उपस्थितिमा को जानसक्छ** ? "परमप्रभुको डाँडामा को उक्लन सक्ला ? र उहाँको पवित्रस्थानमा को खडा हुन सक्छ ? त्यही नै, जसको हात निर्दोष छ, र जसको हृदय निर्मल छ, जसले आफ्नो मनलाई मूर्तितिर लगाएको छैन, र जसले झूटो कुरामाथि शपथ खाँदैन" (भजनसंग्रह २४:३-४) । पवित्रता बिना कोही पनि परमेश्वरको उपस्थितिमा जान सक्दैन । त्यहीकारण परमेश्वरले पवित्रताको माग गर्नुभयो । "तर तिमीहरूलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफै पनि जीवनका सबै रहनसहनमा पवित्र होओ, किनभने यो लेखिएको छ, "तिमीहरू पवित्र होओ, किनभने म पवित्र छु" (१ पत्रुस १:१५-१६) । यो कुरा परमेश्वरले इस्राएलीहरूलाई भन्नुभएको थियो (लेवी ११:४४-४५, १९:२) । पवित्र परमेश्वर र मानिसहरूको बीचमा सम्बन्ध हुनको निम्ति पवित्रतालाई उच्च किसिमले व्याख्या गरिएको छ ।

**परमेश्वर पवित्र हुनुहुन्छ भन्ने तथ्यबाट तीनवटा कुराहरू सिक्नु अति आवश्यक छ : पहिलो, पापको कारण मानिस परमेश्वरबाट अलग भएको छ (रोमी ३:२३)** । "तर तिमीहरूका अधर्मले तिमीहरूलाई आफ्ना परमेश्वरबाट अलग गरेका छन्, र तिमीहरूका पापले गर्दा उहाँको मुहार तिमीहरूबाट छेकिएको छ, र उहाँले तिमीहरूको कुरा सुन्नुहुनेछैन" (यशैया ५९:२) । पापले मानिसलाई परमेश्वरबाट अलग गराउँदछ । सृष्टिको शुरूका मानिस आदम र हव्वाको परमेश्वरसँग घनिष्ठ संगति थियो । तर जब उनीहरूले परमेश्वरको आज्ञा उल्लङ्घन गरे तब संसारमा पापको प्रवेश भयो । पापको कारण उनीहरू परमेश्वरबाट टाढो भए । उनीहरूले पाप गरिसकेपछि परमेश्वरको मुहार उनीहरूले देख्न सकेनन् । पापको कारण पवित्र परमेश्वरसँग संगति टुट्यो तर मानिस यस्तो प्राणी हो परमेश्वर बिना जिउन सक्दैन । त्यसकारण मानिसले परिकल्पना गरेर परमेश्वरलाई विभिन्न रूप आकृतिहरू बनाएर पूजा गर्न थाले ।

किन मानिस परमेश्वरबाट अलग भएको छ ? एउटै कारण हो: पाप । परमेश्वर पवित्र हुनुहुन्छ । मानिसहरू पापी छन् । पापले मानिसहरू परमेश्वरबाट अलग भएका छन् ।

**परमेश्वर पवित्र हुनुहुन्छ भन्ने तथ्यबाट सिक्नुपर्ने दोस्रो कुरा हो : येशू ख्रीष्टद्वारा पापी मानिसलाई परमेश्वरकहाँ जाने बाटो खुलेको छ ।** "यसैकारण विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ । उहाँद्वारा हामीले यस अनुग्रहमा विश्वासद्वारा प्रवेश पाएका छौं । यस अनुग्रहमा हामी खडा छौं, र परमेश्वरका महिमाको सहभागी हुने हाम्रो आशामा हामी रमाउँछौं" (रोमी ५:१-२) । येशू ख्रीष्टद्वारा पापी मानिसको परमेश्वर पितासँग मिलाप हुनसक्दछ । येशू ख्रीष्ट यस संसारमा धर्म (Religion) शुरू गर्नलाई होइन तर सम्बन्ध (Relationship) शुरू गराउनलाई आउनुभयो ।

यदि तपाईंको जीवनमा पाप, अधर्म, नराम्रा कामहरूको कारणले परमेश्वरसँग संगति गर्न सकिराख्नुभएको छैन, प्रार्थनाको जीवन सेलाएर गइराखेको छ, परमेश्वरको वचन पढ्न मन लाग्दैन, तपाईंको हृदयमा शान्ति छैन, तपाईं रातमा निदाउन सकिराख्नुभएको छैन भने तपाईं निराश भएर नबस्नुहोस्, तपाईंको लागि आशा छ । येशू ख्रीष्ट कहाँ गएर पाप क्षमा माग्नुहोस् । उहाँद्वारा परमेश्वर पितासँग सम्बन्ध ठीक गर्नुहोस् । जब तपाईंको परमेश्वरसँग ठीक सम्बन्ध हुन्छ । तब तपाईंको हृदयमा ईश्वरीय शान्तिले बास गर्दछ । तपाईंको प्रार्थनाको जीवन प्रभावशाली हुँदछ । परमेश्वरको वचनको प्रकाश तपाईंले पाउन थाल्नुहुनेछ । तपाईंको जीवनमा रूपान्तरण आउनेछ । "यसकारण भाइ हो, येशूको रगतद्वारा महा-पवित्रस्थानमा प्रवेश गर्ने साहस हामीलाई हुन्छ । हाम्रा निम्ति एउटा नयाँ र जीवित मार्ग उहाँले खोलिदिनुभयो, जसको कारण पर्दाद्वारा, अर्थात् उहाँको शरीरद्वारा भएर हामी भित्र पस्न सक्छौं" (हिब्रू १०:१९-२०) । परमेश्वरको पवित्रताले येशूको मानिसलाई परमेश्वरकहाँ जाने बाटो खुलेको छ । र मृत्युपछि पनि परमेश्वरको घर स्वर्गमा जानसक्छौं ।

**परमेश्वर पवित्र हुनुहुन्छ भन्ने तथ्यबाट सिक्नुपर्ने तेस्रो कुरा हो: मानिसको परमेश्वरप्रति भक्ति र भयको अवधारणा छ ।** परमेश्वर पवित्र हुनुहुन्छ । त्यहीकारण हामी उहाँलाई भक्ति चढाउँछौं । उहाँको उपासना गर्छौं । उहाँको भय मान्छौं । यो कुरा मानिसको भित्री चेतनामा छ । जुन मानिसले परमेश्वरको डर राख्न छोड्छ, त्यसको जीवनमा दुष्टताले बास गर्छ, त्यो मानिसले भ्रष्ट कामहरू गर्न थाल्छ, अरूहरूलाई ठग्ने, लुट्ने कामहरू गर्न थाल्दछ । आफ्नै दाजु, भाइ, ईष्टमित्रहरू, आफन्तहरूको खुट्टा तान्न थाल्छ । अरूलाई छिर्के लगाएर लडाउने विचार मात्र उसमा हुन्छ ।

हामीले परमेश्वरलाई भक्ति गर्नु, उपासना गर्नु, उहाँको श्रद्धा गर्नु, भय मान्नु हो भने उहाँको पवित्रतामा जिउनु आवश्यक छ । के हामी पवित्र परमेश्वरलाई पवित्रतामा उहाँको आराधना गरिराखेका छौं ? "धन्य शुद्ध हृदय हुनेहरू, किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन् ।"

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | गोंगबूँ | धापासी | रानीपौवा |
| भाद्र २६ September 12 | एल्डर गोपी राई | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंबगूँ चर्च | श्री राजु तामाङ्ग |
| आश्विन २ September 19 | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | एल्डर बी.एन. पण्डित | डीकनेस् नविना लिम्बू | श्री सुरेन्द्र सापकोटा |
| आश्विन ९ September 26 | एल्डर गोपी राई | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | डीकन जिल्बर्ट मिशो | श्री प्रशान्त सिंह | श्री पन्च बहादुर तामाङ्ग |
| आश्विन १६ October 3 | एल्डर गोपी राई | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | एल्डर कर्ण तामाङ्ग | पाष्टर अशोक मुखिया | संयुक्त सेवा गोंगबूँ चर्च |

## हार्दिक बधाई



भाद्र ६ गते/अगष्ट २३ तारिख आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री **शंकर श्रेष्ठ** र सुश्री **इन्द्र राई** नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **शंकर** र **इन्द्र श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



भाद्र १४ गते/सेप्टेम्बर ३१ तारिख आइतबार नेइम जोरपाटी चर्चकी सदस्य सुश्री **पार्वती थापा मगर** र मित्र मण्डली, बेनीघाटको सदस्य श्री **वीर बहादुर गुरूङ्ग** नेइम जोरपाटी चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **वीर बहादुर** र **पवित्र गुरूङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## सेप्टेम्बर महिनाको कार्यक्रम

भाद्र ३० गते/सेप्टेम्बर १६ तारिख आइतबार बिहान १०:००-३:०० बजेसम्म **महिला संगति** आ- आफ्नै मण्डलीमा ।

आश्विन १ गते/सेप्टेम्बर १८ तारिख शुक्रबार **महिला उपवास प्रार्थना** आ- आफ्नै मण्डलीमा ।

आश्विन ३ गते/सेप्टेम्बर २० तारिख आइतबार बिहान १०:००-३:०० **नेइम कार्यकारिणीको बैठक** नेइम ललितपुर मण्डलीमा ।

आश्विन१० गते/सेप्टेम्बर २७ तारिख आइतबार बिहान १०:००-२:०० **नेइम बाल संगतिका शिक्षक/शिक्षिकाहरूको रीट्रिट** नेइम गोंगबूँ मण्डलीमा ।

## जानकारी

**समर्पण:** श्रावण २३ गते/अगष्ट ८ ता. शनिबार नेइम सिर्जनानगर चर्चमा २५ जना विश्वासीहरूले समर्पण गर्नुभयो ।

**अगुवा अभिषेक:** श्रावण २३ गते/अगष्ट ८ ता. शनिबार नेइम जोरपाटी चर्चमा श्री लाक्पा लामा र श्री पशल राईलाई डीकन तथा सुश्री दिना श्रेष्ठलाई डीकनेस् अभिषेक गरियो ।

**वार्षिक महोत्सव:** भाद्र ५ गते/अगष्ट २२ ता. शनिबार नेइम पनौती चर्चले १२ औं वार्षिक महोत्सव मनायो ।

## विषेश प्रार्थना

१. संविधान सभाको सम्पूर्ण सदस्यहरूको संविधान लेखनको तयारीमा ठीक ज्ञान, बुद्धि र एकता मागिदिऔं साथै संविधान ठीक समयमा आएको होस् साथै देशको वर्तमान परिस्थितिको लागि पनि प्रार्थना गरिदिऔं ।

२. देशको वर्तमान प्रतिकूल अवस्थाको कारण देखिएको डर, त्रास, असुरक्षा, अशान्ति, द्वन्द हटेर गएको होस् र प्रेम, एकता, मेलमिलाप र शान्तिको लागि प्रार्थना गरिदिऔं ।

३. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, सबै राजनैतिक पार्टीहरू बीच समझदारी, एकता र मेल मिलाप मागिदिऔं ।

४. भूकम्पको कारण दु:ख, कष्टमा परेकाहरूको लागि प्रार्थना गरिदिऔं साथै वर्षायामको समयमा बाढी, पहिरो यातायात अवरोध जस्ता कुनै पनि कुरा नभएको होस् ।

५. भूईंचालोको कारण क्षति पुगेका शहर तथा गाउँघरका मण्डली भवनहरूको पुनर्निर्माणको निम्ति आवश्यक रकम जुट्न सकोस् साथै समयमा नै निर्माण सम्पन्न भई सेवा संगतिहरू सहजरूपले शुरू हुन सकून् ।

६. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दु:ख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं।

७. रेडियो तथा विभिन्न टेलिभिजनहरूबाट प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जान साथै सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् भनी यस सेवकाइको लागि प्रार्थना गरिदिऔं ।

८. चाड पर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू, प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

९. देशको वर्तमान परिस्थितिको कारण कोही पनि निरास हताश नभई परमेश्वरमा पूर्ण भरोसा राखी देशको निम्ति प्रार्थना गर्नेहरू हुन सकून् ।

१०.मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नु- भएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २० 6<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ | २७ 13<br>देशका सम्पूर्ण मण्डलीका सेवक/सेविका साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ५:११-१२, १२५:१-३ | ३ 20<br>विभिन्न देशमा रोजगार, अध्ययन र अन्य कामको लागि गएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-५, २ पत्रुस ३:८-९ | १० 27<br>नेपालमा भएका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनुको साथै जीवनको असल साक्षीद्वारा गवाही दिनेहरू पनि बन्न सकून् ।<br>एफिसी ४:१७-३२ |
| **सोमबार** Monday | २१ 7<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाइने प्रार्थना आफ्ना विचारअनुसार मात्र होइन तर परमश्वरको इच्छाअनुसार प्रार्थना गर्न पवित्र आत्माको अगुवाइ मागौं ।<br>मत्ती ६:८-१०, यूहन्ना १६:१३, | २८ 14<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई आदर गर्नेहरू भई उहाँको भय मान्ने र उहाँलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १४५:१७-२० | ४ 21<br>येशू प्रभुलाई विश्वास गरेकाहरू साँचो अर्थमा पूर्ण रूपमा परमेश्वरलाई पछ्याउनेहरू हुन सकून ।<br>कलस्सी २:६-७, ४:१-५ | ११ 28<br>मण्डलीका सबै विश्वासीहरू आफै पनि वचनमा पाको हुँदै जानुको साथै एकअर्कालाई पनि वचनमा हुर्काउनेहरू हुन सकौं ।<br>भजनसंग्रह १:१-३, यशैया ३७:३१ |
| **मंगलबार** Tuesday | २२ 8<br>मंगलबार हुने आत्मिकी तथा चंगाई सेवाद्वारा मण्डलीमा जागृति, चंगाई, छुट्कारा आत्माको नविकरण, ताजापन, उत्साह, चिन्ह र आश्चर्यकर्म देख्न सकौं ।<br>यशैया ३५:३-७, १ कोरिन्थी २:९ | २९ 15<br>मण्डलीका विश्वासीहरूको जीवनमा आइपर्ने दु:ख, कष्ट, सतावट तथा समस्याहरूमा स्थिर रहनको साथै समाधानको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ४६:१-११ | ५ 22<br>प्रतिज्ञा गरिएको आशिष्हरू प्राप्त गरी जिउनको लागि विश्वासको पाइला अघि बढाउँदै जान सकौं ।<br>यहोशू १:२-९, २ कोरिन्थी १:२० | १२ 29<br>मण्डलीलाई परमेश्वरले देखाउनुभएको बाटोमा हिँड्नको लागि पवित्र आत्माको उपस्थिति र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह १४३:१० |
| **बुधबार** Wednesday | २३ 9<br>मण्डलीअन्तर्गतका सबै घरेलु संगतिहरूमा सिकेका कुराहरू व्यवहारिक हुँदै जान सकौं ।<br>कलस्सी ३:१६-१७ | ३० 16<br>चाड पर्वको समयमा अधुरो घर परिवारमा हुनुभएकाहरू स्थिर रहन सकून् भनी प्रार्थना गरिदिऔं ।<br>हिब्रू ४:१४-१६ | ६ 23<br>दु:ख-कष्ट, अभाव-घटी, पारिवारिक समस्या साथै विभिन्न कारणले थाकेका-हरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४०:२७-३१ | १३ 30<br>परमेश्वरको महिमाको लागि सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६,२५, एफिसी ५:१८ |
| **बिहीबार** Thursday | २४ 10<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासीहरू देशको वर्तमान परिस्थितिको कारण विचलित नभई प्रभुमा, वचन र प्रार्थनामा स्थिर रहन सकून् ।<br>भजनसंग्रह १२१:१-८, यशैया २६:३-४ | ३१ 17<br>मण्डलीका विश्वासीहरू चारैतिर घटिरहेका अशान्ति, निरासका कुरातिर मात्र ध्यान दिई विचलित हुने होइन तर प्रभुको वचनमा रही स्थिर रहन सकून् ।<br>मत्ती २४:४-१४, २३-२५, ४२ | ७ 24<br>पूर्व मेचीदेखि पश्चिम महाकाली, उत्तरी हिमालदेखि दक्षिण तराईसम्मका सम्पूर्ण मण्डलीका अगुवा साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह २०:१-७ | १४ October 1<br>मण्डलीका सबै जवानहरू धार्मिकता, विश्वास, प्रेम र शान्तिको पछि लाग्नेहरू भई संसारमा असल साक्षी भई जिउन सकून् ।<br>२ तिमोथी २:१-२२ |
| **शुक्रबार** Friday | २५ 11<br>हामी विश्वासीहरू परमेश्वरको वचन पढ्ने, सुन्ने साथै मनन गर्नेहरू भई त्यसअनुसार पालन गर्दै जानेहरू हुन सकौं ।<br>यहोशू १:८, याकूब १:२२-२५ | १ आश्विन 18<br>आराधना सेवाहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ५५:१-३, १०-११ | ८ 25<br>प्रत्येक शनिबार मण्डलीमा आउनुहुने ख्रीष्ट प्रभुलाई विश्वास नगर्नुभएका सबैले ख्रीष्ट प्रभुले दिनुहुने पाप-क्षमा र सितैंको मुक्ति विश्वासद्वारा ग्रहण गर्न सकून् ।<br>यशैया ४५:१८-२२, ५५:१-३ | १५ 2<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं प्रभुको उपस्थितिको चाहना लिएर आउन सकौं ताकि हामी प्रभुमा बढ्दै जान सकौं ।<br>उपदेशक ५:१-६, २ कोरिन्थी ३:१७-१८ |
| **शनिबार** Saturday | २६ 12<br>आज हुने देशभरिका आराधना सेवाहरूद्वारा एक मात्र जीवित परमेश्वरलाई महिमा होस् ।<br>भजनसंग्रह ४७:१-९ | २ 19<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस् ।<br>१ पत्रुस ५:७ | ९ 26<br>विभिन्न काम-व्यवसाय गर्ने सबै विश्वासीहरूले आफ्नो इमान्दारिताद्वारा परमेश्वरलाई महिमा दिन सकून् ।<br>भजनसंग्रह २५:२१, हितोपदेश ३:९ | १६ 3<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाइ र उपस्थिति मण्डलीसँग सधैं भइरहून् ।<br>प्रस्थान ३३:१३-१७ |

**"शान्त होओ, र म परमेश्वर हुँ भनी जान । जाति–जातिहरूमा म उचालिनेछु, पृथ्वीमा म उचालिनेछु ।" सर्वशक्तिमान् परमप्रभु हाम्रो साथमा हुनुहुन्छ, याकूबका परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ ।**

**(भजनसंग्रह ४६:१०–११)**

 प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np, www.nimnepal.tv 